कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# कालिन्चोक हाइड्रोपावर लिमिटेड
# Kalinchock Hydropower Limited

**रजिष्टर्ड ठेगाना:** काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३,
रानीबारी, काठमाण्डौ, नेपाल, फोन न. ०१-४९५८३३२
Email: kalinchwokhydro@gmail.com, Website: www.khpl.com.np

## साधारण शेयरको निष्काशन तथा बिक्री बन्द गरिएको बारे सूचना

यस कम्पनीको कुल जारी पूँजी रु. ५५,००,००,०००/- को २५ प्रतिशत अर्थात रु. १३,७५,००,०००/- (अक्षरेपी तेह्र करोड पचहत्तर लाख रुपैंयाँ) रकम बराबरको रु. १००/- अंकित दरका १३,७५,००० कित्ता साधारण शेयर मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही जारी पूँजीको १० प्रतिशत अर्थात रु. ५,५०,००,०००/- (अक्षरेपी पाँच करोड पचास लाख रुपैंया) रकम बराबरको रु. १०० अंकित दरका ५,५०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र दोलखा जिल्ला, बिगु गाउँपालिका वडा नं. ८ तथा कालिन्चोक गाउँपालिका वडा नं. १, २ र ३ का स्थानिय बासिन्दाहरुको लागि र बाँकी ८,२५,००० कित्ता मध्ये (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा रोजगारी गरिरहेका नेपालीहरुलाई १० प्रतिशत अर्थात ८२,५०० कित्ता), ५ प्रतिशत अर्थात ४१,२५० कित्ता साधारण शेयर सामुहिक लगानी कोष र २ प्रतिशत अर्थात १६,५०० कित्ता साधारण शेयर कर्मचारीहरुका लागि सुरक्षित गरि बाँकी ६,८४,७५० कित्ता साधारण शेयर मिति २०८२ चैत्र २२ गतेदेखि सर्वसाधारणमा निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा आवेदकहरुबाट माग गरे भन्दा बढि शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८२ चैत्र २५ गते (बैंकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरु, सि-आस्वा C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य आज मिति २०८२ चैत्र २५ गते (बैंकिङ्ग समय पश्चात्) बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

**दरखास्त दिन पाउने न्यूनतम कित्ताः १० कित्ता** | **दरखास्त दिन पाउने अधिकतम कित्ता : १०,००० कित्ता**

**दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य . १००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको**

| स.नं. | विवरण पत्र प्राप्त गर्न सकिने संस्थाको नाम र ठेगाना |
|---|---|
| १. | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौं र वेभसाइट : www.rbbmbl.com.np |
| २. | कालिन्चोक हाइड्रोपावर लिमिटेड, का.म.न.पा. वडा नं. ३, रानीबारी र website : www.khpl.com.np |
| ३. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर, र वेभसाइटः www.sebon.gov.np |

### सर्वसाधारणको लागि दरस्खास्त फाराम प्राप्त गर्ने र शुल्क बुझाउने स्थानहरुः

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्बा (C–ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर **"मेरो शेयर"** अनलाइन प्रयोग गरी सि-आस्बा (C–ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

### नेटवर्थ सम्बन्धी तालिका

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७९/८० (Restated) | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व.२०८२/८३ पौष मसान्त | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९२.६३ | ९९.१४ | १०६.४९ | १०६.६५ | १०४.४२ | ११३.२९ | १२३.४३ |
| प्रति शेयर आम्दानी (रु.) | (०.७३) | ६.५१ | ७.०७ | १.४६ | ०.५३ | ८.८७ | १०.१३ |
| संचित नाफा/नोक्सान (रु.) | (१,६५,८६,३९४) | (१९,३४,७९४) | २,१४,०६,६८३ | २,७४,४१,१८४ | २,४३,२३,८०५ | ७,३१,१२,२४४ | १२,८८,५१,४५४ |

### आयोजनाको नाम, कुल लागत, प्रति मेगावाट लागत, लगानी फिर्ता हुने अवधि सम्बन्धी विवरण

| | |
|---|---|
| आयोजनाको नाम/ उत्पादन क्षमता: | साँगु (सोरुन) खोला जलविद्युत आयोजना (५ मे.वा) |
| कुल लागत रकम : | १.२० अर्व |
| प्रति मेगावाट लागत: | २४.१४ करोड |
| विद्युत उत्पादन अनुमति प्राप्त मिति: | २०७६/१०/०१ |
| अनुमति बहाल रहने अवधि: | २०७६/१०/०१ देखि २१११/०९/३० |
| विद्युत उत्पादन अनुमतिको बाँकी अवधी: | २९ वर्ष ५ महिना |
| साधारण लगानी फिर्ता हुने अवधि: | ९.१९ वर्ष |
| डिस्काउन्टमा लगानी फिर्ता हुने अवधी: | १५.३७ वर्ष |

### क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस कम्पनीलाई केयर रेटिङ्ग नेपाल लिमिटेडले "[CARE-NP BB (Pronoucned CARE NP Issuer Rating Double B )" रेटिङ्ग सन् २०२४ जुलाई ०२ (मिति २०८१/०३/१८) मा प्रदान गरको छ। "[CARE-NP BB (Pronoucned CARE NP Issuer Rating Double B)" ले कम्पनीको वित्तिय दायित्व बहन गर्न क्षमता औसत जोखिम "Moderate Risk of Default Regarding Timely Servicing of Financial Obligations" जनाउँदछ। केयर रेटिङ्ग नेपाल लिमिटेडले CARE-NP AAA देखि CARE-NP D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARE-NP AAA ले सकारात्मक आधार जनाउँछ भने CARE-NP D ले नकारात्मक आधारहरू जनाउँछ। यस सम्बन्धी विवरणपत्रको दफा ग.२२ (ट) पृष्ठ ४२ मा उल्लेख गरिएको छ । रेटिङ्ग प्रदान गरेको मितिः सन् २०२५ जुन १७ (मिति २०८२/०३/०३) र रेटिङ्ग बहाल रहने अवधि : सन् २०२६ जुलाई ०६ (मिति २०८३/०३/२२) सम्म ।

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरिएको विवरण-पत्र पढी आफ्नो स्वःविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति **२०८२/१२/१२ गते**को **कारोबार दैनिक**मा प्रकाशित आह्वान-पत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.rbbmbl.com.np, निष्काशन कम्पनीको वेवसाइट www.khpl.com.np अथवा नेपाल धितोपत्र बोर्डको वेवसाइट www.sebon.gov.np मा रहेको **"विवरण पत्र"** हेर्नुहुन अनुरोध गर्दछौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

आरविवि मर्चेन्ट बैंकिङ्ग लि.
RBB MERCHANT BANKING LTD.
A subsidiary company of Rastriya Banijya Bank Ltd.

**आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड**
पोष्ट बक्स नं. ६६३, टेकु, काठमाण्डौ, नेपाल
फोनः ५३४३२६५/५३४०९३२/५३४०९३३, फ्याक्सः ५३४५०१८
E-mail: rbbmbl@rbbmbl.com.np

मितिः २०८२/१२/२५ गतेको **कारोवार दैनिक**मा प्रकाशित गरिने